# अपिहिमाल गाउँपालिका

# पर्यटन पुर्वाधार अध्ययन कार्यदल संचालन कार्यविधि २०७४

खण्डेश्वरी,दार्चुला

७ नं. प्रदेश,नेपाल

पारित मिति २०७४/१२/०५

## प्रस्तावना

अपिहिमाल गाउँपालिका भित्रका ऐतिहासिक,सांस्कृतिक,धार्मिक,पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान,संरक्षण,प्रवर्धन एवं प्रचार प्रसार मार्फत स्थानिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको बिकास गर्ने पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं निति निर्माण गर्न तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानिय जनतालाई प्राथमिकता दिनको साथै यस गा.पा.को उत्तरपुर्वमा रहेका व्यासऋषि हिमश्रींखला अन्तर्गत पर्ने अपि,नम्पा,बबई,र कपिल हिमालको दृष्यावलोकन तथा प्रवतारोहण मा समेत देशीबिदेशी पर्यटकहरुलाई आकर्षित गराउन र यस क्षेत्रमा बग्ने नदि नाला झरनाहरु तथा प्राकृतिक रुपमा अवस्थित् लेकाली मैदान फाँटहरु र हिमाली क्षेत्रमा रहने विभिन्न जीवजन्तु तथा बनस्पतिहरुको संरक्षण र प्रवर्धन गर्न आवश्यक परेकोले एउटा विकास पर्यटन पुर्वाधार अध्ययन समिति गठन गरि कार्य संचालन गर्न यो कार्यविधि तयार पारिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "पर्यटन पुर्वाधार अध्ययन कार्यदल संचालन कार्यविधि" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषाः

(क) "कार्यदल" भन्नाले दफा ३ मा गठित कार्यदललाई सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले यस कार्यदलको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "पर्यटन बोर्ड" भन्नाले नेपाल सरकारले गठन गरेको पर्यटन बोर्ड लाई सम्झनु पर्दछ ।

(घ)"कार्यपालिका"भन्नाले अपिहिमाल गा.पा.को गाउँकार्यपालिका लाई सम्झनु पर्दछ ।

## ३.पर्यटन पुर्वाधार अध्ययन कार्यदलको गठन प्रकृया:

१. पर्यटन पुर्वाधार अध्ययन कार्यदलको गठन प्रकृया देहायबमोजिम हुनेछ ।

(क)गाउँकार्यपालिकाले तोकेको एक जना विज्ञ – अध्यक्ष

(ख)गाउँ कार्यपालिकाले स्थानिय बुद्धिजीवीहरु मध्येबाट तोकेको दुईजना – सदस्य

(ग) उद्योगवाणिज्य संघको प्रतिनिधि १ जना – सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको दुई जना महिला–सदस्य

(ङ)दलित,जनजाती,अल्पसंख्यक मध्यबाट गाउँकार्यपालिकाले तोकेको एक जना – सदस्य

(च)कार्यपालिकाले तोकेको सांस्कृतिक तथा परम्परा विज्ञहरुबाट दुई जना – सदस्य

(छ) गाउँपालिकाको प्राविधिक शाँखाका प्रतिनिधि १ जना – सदस्य

(ज) कार्यदलले तोकेको १ जना – सदस्य सचिव

## ४.समयावधी :

पर्यटन पुर्वाधार अध्ययन कार्यदलको अवधी १ वर्षको हुनेछ ।

## ५पर्यटन पूवाधार अध्ययन कार्यदलको काम कर्तब्य र अधिकार :

१.यस समितिले नेपाल राट्रिय पर्यटन बोर्ड संग समन्वय गरि पर्यटन विकासका लागि निम्न कार्यहरु गर्नेछ ।

(क)पर्यटक लाई गा.पा.को रोजगार र अर्थउपार्जन संग जोड्न खोज अनुसन्धान गर्ने । व्यवसायिक मुलक बनाउने

(ख)पर्वतारोहण,पदयात्रा,हिमाल अवलोकन(दृष्यावलोकन)र वन्यजन्तु अवलोकन गर्न आवश्यक अनुसन्धान गर्ने ।

(ग)धार्मीक,सांस्कृतिक स्थलहरुको खोजबिन गरि बिकास गर्न आवश्यक सुझाव पेश गर्ने ।

(घ)केहि सम्भावित सामुदायिक वनहरुका आवश्यक सुधार गरि साना वन्यजन्तु आरक्षको रुप दिन अध्ययन गर्ने ।

(ङ)विभिन्न जात जातीको संस्कृती कला झल्काउने संग्राहलयको स्थापनाको लागि लोप हुन लागेका भेषभुषा,रहनसहन कला संस्कृतिको खोज अनुसन्धान गर्ने ।

(च)होम स्टे संन्चालन व्यवस्थापनका लागि सम्भावित स्थानहरुको खोज सम्बन्धि निति निर्माणको लागि आवश्यक सुझाव पेश गर्ने ।

(छ)पर्यटकीय पद मार्गको निश्चित रुट तयार गर्न सम्भाव्यताको अध्ययन गर्ने ।

(ज) धार्मीक महत्वका क्षेत्रहरुलाई धार्मीक पर्यटकीय क्षेत्रको रुपमा बिकास गर्न अनुसन्धान,खोज गर्ने ।

(झ)पर्यटकहरुको आकास्मिक उद्धारको लागि हेलीप्याड निर्माण स्थलको अध्ययन गर्ने ।

(ञ)हनि हन्टिङ लाई व्यवस्थित गर्न ततसम्वन्धि तालिमको व्यवस्था,निश्चित ठाउँको खोज र अनुसन्धान गर्ने ।

(ट)आन्तरिक तथा वाह्य पर्यटकलाई खेलसंग जोड्ने सम्तेलीचौड,पिलकन्द मैदान,खुमथ्याङ जस्ता उच्च मैदानी भागको पहिचान गरि आवश्यक बिकास पूर्वाधारको अध्ययन गर्ने ।

(ठ)मकरिकोट बाट यस गाउँपालिमा रहेका सुन्दर हिमश्रृंखला देखिने भएकोले त्यस ठाउँलाई प्राकृतिक भ्यू टावर को रुपमा विकास गर्न अध्ययन गर्ने ।

(ड)अपिहिमाल भित्रका नदी र खोलाहरुका खोचहरुमा बन्जीजम्पीङको सम्भाब्यताको खोज गर्ने ।

(ढ) वाह्य तथा आन्तरिक पर्यटकहरुलाई अनुकुल हुने किसिमका सामाजिक,सांस्कृतिक र भौतिक वातावरण निर्माणका लागि अध्ययन गर्ने

(ण) पुरातात्विक महत्वका ऐतिहासिक मठमन्दिर,पाटी पौवा,तथा ऐतिहासिक वस्तुहरुको संरक्षण, मरम्मत र संभारको लागि गा.पा.को सिफारिस गर्ने ।

(त) गा.पा. भित्र रहेका धार्मीक सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास गर्न प्रतिवेदन तयार पारी पेश गर्ने ।

(थ)सांस्कृतिक,धार्मीक र परम्परा देखि चलि आएका रितिरिवाज र व्यवहार बिरुद्ध हुने गरि कुनै पनि काम गर्न हुदैन

## ६. कार्यदलको क्षेत्राधिकार:

यस कार्यदलको क्षेत्राधिकार अपिहिमाल गाउँपालिका भित्र रहने छ ।

## ७.अध्यक्षको योग्यता र नियुक्ति प्रकृया:

१.यस कार्यदलको अध्यक्षको योग्यता र नियुक्ति प्रकृया देहायबमोजिम हुनेछ ।

(क)मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

(ख)अपिहिमाल गाउँपालिकाको स्थायी बासिन्दा भएको ।

(ग)कुनै पनि कानुनले अयोग्य नभएको ।

(घ)२५ बर्ष पुरा भई ५० बर्ष ननाघेको ।

**८.कार्यालय संचालन** :यस कार्यदलको कार्यालय अपिहिमाल गा.पा. भित्र रहनेछ र दैनिक कार्य सञ्चालन सदस्य सचिवले गर्नेछ ।

**९.सेवा सुविधा र सर्त:**

१.यस कार्यदलको अध्यक्षको सेवा सुविधा गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

२.कार्यदलको सदस्यहरुको सेवा सुविधा गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**१०.बैठक सञ्चालन विधि:**

१.यस कार्यदलको बैठक महिनाको कम्तिमा एक पटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै बेलामा पनि बस्न सक्नेछ ।

२.बैठकमा अध्यक्षको अनुपस्थितीमा कार्यदलको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

**११.यस कार्यदलको कार्यविधि नेपालको संविधान संघीय ऐन,प्रादेशिक ऐन,तथा प्रचलित कानुन संग बाझिन गएमा बाँझिएको हदसम्म अंसहरु स्वत:खारेज हुनेछन ।**

**८.बाधा अडकाउ फुकाउ:**

१.यस कार्यविधिमा कुनै बाधा अडचन परेमा गाउँ कार्यपालिकाले बाधा अडकाउ फुकाउन व्यवस्था गर्नेछ ।